# नागरिक लगानी कोष

# नेपाल कृषि अनुसन्धान परिषद्को
# बीमा कोष संचालन
# कार्यबिधि, २०६७

नेपाल कृषि अनुसन्धान परिषद्को प.स.०६६।६७) च.नं ३१३० का.का.नि.निजि सचिवालयको मिति २०६७।२।९ को पत्र अनुसार र नेपाल सरकार अर्थ मन्त्रालय संस्थान समन्वय महाशाखाको च.नं.३३७ मिति २०६७।१।२ को पत्रको छायाा कपि अनुसार नेपाल कृषि अनुसन्धान परिषद्का कर्मचारीहरूको सावधिक जीवन बीमा गर्ने व्यवस्था गरिएको ।

# नागरिक लगानी कोष

## नेपाल कृषि अनुसन्धान परिषद्को बीमा कोष संचालन कार्यविधि, २०६७

* संचालक समितिको मिति २०७७।०६।२८ को निर्णयबाट संशोधन भएको ।

⊿ संचालक समितिको मिति २०७९।०७।१६ को निर्णयबाट संशोधन भएको ।

◇ संचालक समितिको मिति २०८०।१२।०१ को निर्णयबाट संशोधन भएको ।

€ संचालक समितिको मिति २०८१।१०।१० को निर्णयबाट संशोधन भएको ।

V संचालक समितिको मिति २०८२।०६।३० को निर्णयबाट संशोधन भएको ।

**प्रस्तावना :**

नेपाल कृषि अनुसन्धान परिषद्का कर्मचारीहरूको तलबबाट निजामति सेवा नियमावली तथा परिषद्को कर्मचारी सेवा शर्त नियमावली बमोजिमको रकम कट्टी गरी त्यसै अनुसारको थप अनुदान समेतको रकमलाई संकलन र लगानी गर्ने गरी एउटा कोषको व्यवस्था गर्ने र त्यसै कोषबाट नेपाल कृषि अनुसन्धान परिषद्का स्थायी कर्मचारीहरूलाई बीमा सुबिधा प्रदान गर्ने उदेश्यले जीवन बीमा कोषको संचालन गर्न नागरिक लगानी कोष ऐन, २०४७ को दफा १७ र नागरिक लगानी कोष व्यवस्थापन विनियमावली, २०४८ बमोजिम कोषको संचालक समितिले देहायको कार्यबिधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "नेपाल कृषि अनुसन्धान परिषद्, बीमा कोष संचालन कार्यविधि, २०६७" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-

(१) "ऐन" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्दछ ।

(२) "कोष" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोष सम्झनु पर्दछ ।

(३) "संचालक समिति" भन्नाले नागरिक लगानी कोषको संचालक समितिलाई सम्झनु पर्दछ ।

(४) "विनियमावली" भन्नाले "नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८" सम्झनु पर्दछ ।

(५) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम कोषद्वारा संचालित "नेपाल कृषि अनुसन्धान परिषद्, बीमा कोष, २०६७" सम्बन्धी कार्यक्रम सम्झनु पर्दछ ।

(६) "सहभागी" भन्नाले कार्यक्रममा रकम जम्मा गर्ने परिषद्को कर्मचारी सम्झनु पर्छ ।

(७) "प्रतिफल" भन्नाले कार्यक्रमका सहभागीहरूलाई कार्यक्रमबाट हुने आयबाट दिइने व्याज, बोनस वा त्यस्तै प्रकारको अन्य कुनै रकम समेत सम्झनु पर्दछ ।

(८) "कर्मचारी" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद्, ऐन, २०४८ बमोजिम बीमा सुबिधा पाउने गरी नियुक्त भएका परिषद्का स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(९) "पारिश्रमिक" भन्नाले कर्मचारीले टाइमस्केल बमोजिम प्राप्त गर्ने तलबलाई जनाउने छ ।

(१०) "न्यासधारी प्राबिधिक उपसमिति" भन्नाले यस कार्यबिधिको दफा २१ बमोजिम गठन हुने प्राबिधिक उपसमितिलाई सम्झनु पर्दछ ।

€(११) "खुद कोष रकम" भन्नाले सहभागीहरूबाट बीमा कोष कट्टी गरी त्यसमा थपिने त्यति नै रकम जोडी कायम हुन आएको रकम सम्झनु पर्दछ ।

(१२) "कार्यालय" भन्नाले नेपाल कृषि अनुसन्धान परिषदको कर्मचारी कार्यरत कार्यालय सम्झनु पर्दछ ।

(१३) "परिषद्" भन्नाले नेपाल कृषि अनुसन्धान परिषद्, केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाण्डौलाई सम्झनु पर्दछ ।

(१४) "लगानी उपसमिति" भन्नाले नागरिक लगानी कोषको लगानी उपसमितिलाई सम्झनु पर्दछ ।

(१५) "परिवार" भन्नाले कर्मचारीसाग बस्ने वा नीजले आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा, वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरूष र अविवाहिता महिला कर्मचारीको हकमा नीजको बाजे, बज्यै, तथा बिबाहिता महिला कर्मचारीको हकमा नीजको सासु, ससुरा लाई जनाउाछ ।

*(१६) "कूल आय" भन्नाले कोषले बीमा कोषको रकम लगानी गरी आर्जन गरेको ब्याज, लाभांश, बोनश वा यस्तै प्रकारको अन्य आम्दानीको योगफललाई जनाउंदछ ।

३. ०**<u>कार्यक्रमको सञ्चालन:</u>** परिषद्का कर्मचारीको मासिक तलबबाट सावधिक जीवन बीमा कोष बापत चार सय रूपैया कट्टी गरी त्यसमा नेपाल कृषि अनुसन्धान परिषद्को तर्फबाट थपिने त्यतिनै रकम समेत संकलन गरी एक कोष खडा गरी त्यसको लगानी व्यवस्थापन गरी सोबाट आर्जित आय समेतबाट कर्मचारीलाई बीमा सुबिधा उपलब्ध गराउने उदेश्यले "नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष २०६७" नामबाट एक बीमा कोष कार्यक्रम संचालन गरिनेछ ।

४. **<u>कार्यक्रम लागू हुने मिति:</u>**

(१) बीमा कोष कार्यक्रम २०६७ माघ १ गतेदेखि लागू हुनेछ ।

५. **<u>कार्यक्रममा सहभागिता सम्बन्धी व्यवस्था:</u>**

V(१) परिषद्का स्थायी कर्मचारीहरू यस कार्यक्रमका सहभागी हुनेछन् ।

(२) सहभागी कर्मचारीहरूले अनुसूची १ बमोजिमको व्यक्तिगत विवरण फाराम र अनुसूची २ बमोजिमको परिचयपत्र भरी आफु कार्यरत कार्यालयबाट प्रमाणित गराई कोषमा पठाउनु पर्नेछ ।

(३) नया भर्ना हुने कर्मचारीहरूको हकमा नियुक्तिपत्र बुझेको १ महिना भित्र उक्त फारम भरी कोषमा पठाउनु पर्नेछ ।

(४) कोषले उप-दफा २ र ३ बमोजिम दरखास्त प्राप्त भएपछि कर्मचारीको पूर्ण विवरण सहित सहभागी कर्मचारी सूचीमा सम्बन्धित कर्मचारीको नाम दर्ता गर्नेछ । त्यसरी नाम दर्ता गरीएको ब्यहोरा सम्बन्धित कार्यालयमार्फत सहभागी कर्मचारीलाई जानकारी दिनेछ ।

६. **कार्यक्रममा रकम जम्मा गर्ने व्यवस्था सम्बन्धमा** :

*(१) कार्यालयहरूले दफा ५ बमोजिम सहभागी कर्मचारीको मासिक पारिश्रमिकबाट कट्टा गरीने रू.४००।०० र परिषद्को तर्फबाट थप गरीने रू.४००।०० गरी जम्मा रू.८००।०० कोषले तोकेको बैंक खातामा जम्मा गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कट्टी र थप गरेको रकम समेत जोडी पारिश्रमिक वितरण भएको सात दिनभित्र कार्यालयले कोषले तोकी दिएको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

*(३) उपदफा (१) बमोजिमको कट्टी रकम सम्बन्धित कार्यालयले कोषले तोकेको बैंक खातामा बिद्युतिय भुक्तानी (Electronic Payment) प्रणालीबाट पनि भुक्तानी पठाउन सक्नेछ ।

*(४) कोष कट्टी रकम कोष वा कोषद्वारा तोकिएको बैंक खातामा जम्मा नभएमा उक्त रकमप्रति कोषको कुनै दायित्व रहने छैन । उक्त रकम कोषको खातामा जम्मा गराउनु कोष कट्टी गर्ने सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ ।

७. **कार्यालयले फांटवारी पठाउने सम्बन्धमा** :

(१) दफा ६ बमोजिम रकम जम्मा गर्ने कार्यालयले यसैसाथ संलग्न अनुसूची ३ बमोजिमको कोषकट्टी विवरण र बैंक भौचर वा ड्राफ्ट रकम दाखिला गरेको सात दिनभित्र कोषमा पठाउनु पर्नेछ। यसरी कट्टा भएको रकम समयमै दाखिला गर्ने दायित्व कार्यालय प्रमुख र लेखा प्रमुखको रहनेछ ।

(२) अनुसूची ३ बमोजिमको बीमा रकमको फाटवारी १ प्रति र बैंक भौचर १ प्रति मासिक रूपमा कोषमा पठाउनु पर्नेछ । १ प्रति बैंक भौचर र फाटवारी कार्यालयले राख्नुपर्नेछ ।

(३) निलम्बन भएको कर्मचारीको पनि अन्य स्थायी कर्मचारीको सरह बीमा कट्टी र थप रकम समेत दाखिला गर्नु पर्नेछ ।

*(४) कुनै कर्मचारी तलब नपाउने गरी कुनै पनि बिदामा बसेको अवस्थामा त्यस्तो कर्मचारीले बीमा बापतको पुरै रकम परिषदमा मासिक रूपमा जम्मा गरेमा मात्र त्यस्ता कर्मचारीको लागि परिषले सो अवधिको बीमा बापतको रकम जम्मा गरि नागरिक लगानी कोषको बीमा कोषमा जम्मा गरिदिने छ ।

(५) कर्मचारी सरूवा हुादा रमानापत्रमा जुन महिनासम्मको रकम पठाएको हो सो स्पष्ट उल्लेख गर्ने र सोको बोधार्थ कोषलाई दिनुपर्नेछ ।

८. **कोषमा जम्मा भएको रकममा प्रतिफल दिने सम्बन्धमा** :

*(१) कार्यक्रममा सहभागी कर्मचारीबाट बीमा कोष बापत जम्मा भएको रकममा कोषको संचालक समितिले तोकिदिए बमोजिम व्याज उपलब्ध गराइनेछ ।

◊(२) कार्यक्रममा सहभागी कर्मचारीबाट बीमा कोष बापत जम्मा भएको खुद कोष रकम कोषले लगानी गरी प्राप्त आम्दानीबाट दफा ९(२) का खर्चहरू घटाई हुन आउने खुद बितरण योग्य (खुद बचत) रकमबाट समानुपातिक रूपमा बर्षको अन्त्यमा लगानीको भारित औषत प्रतिफल दरका आधारमा प्रतिफल बितरण गरिनेछ । यसरी बितरण गरिने प्रतिफलको दर यस कार्यबिधिको दफा २१ अनुसार गठन भएको न्यासधारी प्राविधिक उपसमितिले तोकिदिए बमोजिम हुनेछ ।

*(३) प्रत्येक बर्ष उपनियम (१) बमोजिम सहभागी कर्मचारीले पाउने प्रतिफल अन्तिम लेखापरीक्षण भएको एक महिना भित्र सम्बन्धित कर्मचारीहरूको खातामा जम्मा गरिनेछ ।

**९. <u>बीमा कोषको आम्दानीको श्रोत र खर्चहरू:</u>**

(१) <u>आम्दानी :</u>

बीमा कोष रकम लगानी गरी कोषले आर्जन गरेको रकम र परिषद्बाट प्राप्त अन्य रकम बीमा कोषको आम्दानी हुनेछ ।

(२) <u>खर्चहरू:</u>

देहायका खर्चहरूलाई बीमा कोष संचालन खर्चहरूमा समावेश गरिनेछ ।

(क) बीमा कोष संचालन गर्ने क्रममा भएका पूर्व संचालन खर्चहरू ।

*(ख) दफा १४ बमोजिम सहभागी कर्जा सापटी प्रबाह गर्दा लाग्ने प्रशासनिक खर्चहरू, व्याज खर्च लगायत अन्य प्रत्यक्ष संचालन खर्चहरू ।

(ग) लगानी परिचालन गर्दा लाग्ने कमिशन, शूल्क वा अन्य खर्चहरू ।

(घ) दफा ९ (४) बमोजिमको कोष व्यवस्थापन खर्च ।

€ (३) हटाउने ।

**V(४) <u>कोष व्यवस्थापन खर्च:</u>**

(क) कोषले कार्यक्रमको व्यवस्थापन गरेबापत सेवा शुल्क स्वरूप कार्यक्रममा संकलन भएको कूल बीमा कोष रकमको १% (एक प्रतिशत) रकम वा बार्षिक कूल आयको २०% (बीस प्रतिशत) ले हुने रकम मध्ये जुन घटी हुन्छ सो रकम कोषले बार्षिक रूपमा कट्टी गरी लिनेछ । कूल आय भन्नाले कोषले बीमा कोषको रकम लगानी गरी आर्जन गरेको व्याज, लाभांश, बोनस वा यस्तै प्रकारको अन्य आम्दानीलाई जनाउंदछ ।

(ख) हटाउने ।

(ग) हटाउने ।

**१०. <u>बीमा समीकरण कोष सम्बन्धी व्यवस्था:</u>**

◊(१) कोषले बीमा बापतको सुरक्षण कोष (Fund) लगानी गरि प्राप्त आम्दानी रकम मध्येबाट प्राबिधिक उपसमितिले तोके बमोजिम प्रत्येक बर्ष आवश्यकता अनुसार बीमा समायोजन कोष खडा गर्नेछ । प्रत्येक बर्ष कर्मचारीलाई बीमा सुबिधा भुक्तानी गर्दा हिसावमा रहेको रकम भन्दा बढी भुक्तानी भएको अवस्थामा बीमा समायोजन कोषबाट हिसाव मिलान गरिनेछ ।

*(२) मृत्यु भएको कर्मचारीको बीमा सुबिधा बापत रकम एकमुष्ट भुक्तानी भै सकेपछि निजको कोषमा प्राप्त भएको प्रतिफल उपनियम १ बमोजिमको समायोजन कोषमा सारिनेछ ।

**११. <u>कार्यक्रममा जम्मा भएको रकमको भुक्तानी:</u>**

(१) देहायका अवस्थमा कार्यक्रममा जम्मा भएको रकम सहभागी कर्मचारीलाई अनुसूची ४ बमोजिमको फाराम भरी भुक्तानी दिइनेछ :

(क) कर्मचारी सेवाबाट निबृत्त भएमा र

(ख) कर्मचारीको मृत्यु भएमा ।

*(२) कुनैपनि कर्मचारी सेवा निबृत्त हुंदा निजलाई निजको नाममा जम्मा भएको बीमाङ्क रकम, सो को भुक्तानी लिनु भन्दा अघिल्लो दिन सम्मको ब्याज / प्रतिफल बापतको पुरै रकम एकमुष्ठ भुक्तानी गरिनेछ ।

(३) कुनै कर्मचारीको कार्यक्रम हिसावमा बााकी भएको रकम भुक्तानी नहुदै मृत्यु भएमा निजको नाममा रहेको रकम निजले कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कसैलाई पनि नइच्छाएको भएमा सो कर्मचारीको परिवारको सदस्य मध्ये कानून बमोजिम नजिकको हकवला व्यक्तिलाई दिइनेछ ।

*(४) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त भएको कर्मचारीले समेत नीजको कोषमा जम्मा भएको रकम सो को ब्याज र प्रतिफल पाउनेछ ।

(५) सेवा निवृत हुने कर्मचारीले सेवा निबृतको पत्र पेश गनुपर्नेछ ।

(६) सेवा अवधिमै मृत्यु भएका कर्मचारीको हकमा उपदफा ३ बमोजिम बांकी रकम पाउने व्यक्तिले परिषद्को केन्द्रीय कार्यालयले प्रमाणित गरिदिएको आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

## १२. <u>कर्मचारीले पाउने बीमा सुबिधा:</u>

*(१) कोषमा रकम कट्टा गर्न शुरू गरेको बीस बर्ष अवधि नपुगी कुनै कर्मचारीको मृत्यु भएमा निजको परिवारले एकमुष्ठ दुई लाख रूपैया पाउनेछ । तर निजको नाममा जम्मा भएको बीमा बापतको रकम सो को व्याज र प्रतिफल बापतको कुल रकम सो भन्दा बढि भएमा जम्मा भएको पुरै रकम एकमुष्ठ भुक्तानी दिइनेछ ।

*(२) खारेज गरिएको ।

€ (३) सावधिक जीवन बीमा रकम कट्टी गरिएको कुनै कर्मचारी अनिवार्य अवकाश वा राजीनामा तथा अन्य जुनसुकै किसिमबाट सेवाबाट अलग भएमा त्यस्तो कर्मचारीलाई निजको जम्मा भएको रकम, व्याज र प्रतिफल समेत उपलब्ध गराईनेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसूकै कुरा लेखिएको भए तापनि सेवाबाट अवकाश हुने कर्मचारीले सावधिक जीवन बीमा बापत जम्मा गरेको रकम बीस बर्ष वा सो भन्दा कम अवधिमा परिपक्क हुने गरी निरन्तरता दिन सक्नेछ । तर सो बापत नेपाल कृषि अनुसन्धान परिषद्ले कुनै रकम व्यहोर्ने छैन ।

## १३. <u>सावधिक जीवन बीमा सम्वन्धी व्यवस्था:</u>

*(१) कर्मचारीहरूलाई सावधिक जीवन बीमाको सुबिधाको लागि एक सहभागी बीमा कोष खडा गरिनेछ ।

(२) प्रत्येक बर्ष कर्मचारीहरूको नाममा रहने खुद कोष रकमलाई यस कोषमा जम्मा गरिनेछ ।

(३) कर्मचारीलाई प्रदान गरिने सावधिक जीवन बीमा बापतको रकमको भुक्तानी यस कोषबाट गरिनेछ ।

**१४. बीमा कोषको रकमको ऋण सापटी सम्बन्धी व्यवस्था :**

*(१) परिषदको सिफारिशमा सहभागीहरूलाई नीजहरूको खातामा मौज्दात रकमको अधिकतम ८० प्रतिशत सम्म ऋण सापटी उपलब्ध गराईने छ ।

*(२) सहभागीहरूलाई उपलब्ध गराइने ऋण सापटीको व्याजदर सहभागीलाई प्रदान गर्ने व्याजदर भन्दा १.५ प्रतिशतले बढी हुनेछ । यस्तो ऋण र सापटी सहभागीले परिषदको सेवाबाट अलग भएपछि अन्तिम हिसाव हुंदा कट्टी गरी असुल गरिने छ ।

०(३) परिषदको सिफारिशमा सहभागीको खातामा मौज्दात रकममा अधिकतम असी प्रतिशतसम्म ऋण सापटी प्रदान गर्दा बीमा कट्टी गरेको दुई बर्ष पुरा भएको हुनु पर्नेछ ।

**१५. <u>कोष रकमको लगानी</u> :**

(१) कार्यक्रम अन्तर्गत प्राप्त भएको रकमलाई कोषले देहायबमोजिमका क्षेत्रमा लगानी गर्न सक्नेछ :

(क) नेपाल सरकारको वण्ड, ऋणपत्र वा त्यस्तै अन्य धितोपत्र खरीद गर्ने ।

*(ख) समयकालीन कर्जा वा बैंकको निक्षेपमा लगानी गर्ने ।

(ग) संगठित संस्थाको शेयर, डिवेन्चर, वण्ड वा धितोपत्र खरिद गर्ने ।

(घ) धितोपत्रको प्रत्याभूति वा ब्रिज फाइनान्सिङ्गमा लगानी गर्ने ।

*(२) उपदफा (१) बमोजिम लगानी गर्दा कोषले आवश्यक देखेको क्षेत्रमा उच्चतम ब्याज वा लाभांश प्राप्त हुने गरी कोषको लगानी नीति,२०७५ को अधिनमा रही लगानी गरिनेछ।

**१६. <u>कोष रकमको लेखा सम्बन्धमा</u> :**

(१) कार्यक्रम अन्तर्गतको हिसाब किताब छुट्टै लेखा राखिनेछ ।

(२) कार्यक्रमको प्रत्येक सहभागी कर्मचारीको निजले जम्मा गरेको रकम तथा कोषबाट प्रदान गरीएको प्रतिफल समेत देखिने गरी व्यक्तिगत विवरण सहितको हिसाब राखिनेछ ।

(३) लेखाङ्कन प्रोदभावी आधार (Accrual Basis) मा गरिनेछ ।

***१७. <u>बीमा शोधभर्ना कोषको स्थापना:</u>** कर्मचारीहरूको वीमा कोष संचालन गरेवापत परिषद्को केन्द्रीय कार्यालयले नागरिक लगानी कोषमा सुरक्षण स्वरूप रू. २,००,००,०००।०० (अक्षरेपी दुई करोड मात्र) रकमको एक बीमा समायोजन कोष खडा गर्न रकम जम्मा गर्नेछ । उक्त कोषमा जम्मा भएको रकममा नागरिक लगानी कोषले नागरिक एकांक योजनामा प्रदान गर्ने व्याज दर सरह व्याज रकम भुक्तानी गर्नेछ । यसरी प्राप्त हुन आएको व्याज रकममा नागरिक लगानी कोषले सावधीक जीवन वीमा कोष संचालन गरे बापत लाग्ने कोष संचालन तथा व्यवस्थापन खर्चहरू कटाई बांकी हुन आउने रकम बीमा शोधभर्ना कोषमा नै रहनेछ । शोधभर्ना कोषमा भएको रकमबाट आवश्यकता अनुसार सावधिक जीवन विमा कोषमा शोधभर्ना गरिने छ ।

**१८. <u>आय भन्दा व्यय रकम बढी भएको अवस्थाको व्यवस्थापन:</u>** यस कार्यविधि बमोजिम बीमाङ्क रकम प्रदान गर्दा सम्बन्धित कर्मचारीको नाममा जम्मा भएको रकम भन्दा बढी रकम भुक्तानी गर्नुपर्ने भएमा बढी हुने रकम दफा १७ अनुसार गठित कोषको व्याज आम्दानीबाट शोधभर्ना गरिने छ । दफा १७ अनुसार गठित कोषवाट प्राप्त हुन आउने व्याज रकमबाट (व्यवस्थापन शुल्क, संचालन खर्च आदि कटाई) उपरोक्त अनुसार शोधभर्ना हुन नसकेमा परिषद्को केन्द्रीय

कार्यालयबाट शोधभर्ना उपलव्ध गराईने छ । यसरी दिने लिने रकमलाई प्रत्येक बर्ष हिसाव राफसाफ गरिनेछ ।

**१९. <u>सहभागी कर्मचारीको सरूवा भएमा जानकारी दिनुपर्ने सम्बन्धमा</u> :**

(१) यस योजनामा सहभागी कुनै कर्मचारी कार्यरत कार्यालयबाट अन्यत्र सरूवा भएमा सम्बन्धित कार्यालयले यथाशिघ्र सोको जानकारी कोषलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी दिदा निज सरूवा भएको कार्यालय र सरूवा हुनुपूर्व उक्त कार्यालयबाट मासिक कोष कट्टी विवरणको जानकारी दिनु पर्नेछ ।

**v२०. <u>लेखा परीक्षण सम्बन्धमा:</u>** यस कार्यक्रमको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकद्वारा गराइने छ ।

***२१. <u>न्यासधारी प्राविधिक उपसमिति सम्बन्धमा:</u>**

(१) कार्यक्रमको आफ्नो छुट्टै कोष (फण्ड) हुनेछ । सो कोष (फण्ड) को संचालन गर्दा नागरिक लगानी कोषले ट्रष्टी (न्यासधारी) को हैसियतले सेवाहरू उपलब्ध गराउनेछ ।

(२) कार्यक्रम अन्तर्गत बीमा कोषको रेखदेख, संचालन र व्यवस्थापनको निमित्त ऐनको दफा ४३ बमोजिम देहायको एउटा छुट्टै न्यासधारी प्राबिधिक उपसमिति गठन गरिनेछ ।

(क) कोषको संचालक समितिले तोकेको एकजना — अध्यक्ष

(ख) कोषको कार्यकारी निर्देशक — सदस्य

v(ग) परिषद्को तर्फबाट मनोनयन गरी पठाएको वरिष्ठ अधिकृत कर्मचारी - दुईजना — सदस्य

v(घ) बीमा कोष महाशाखा प्रमुख — सदस्य सचिव

उल्लेखित समितिमा आवश्यकता अनुसार नागरिक लगानी कोष एवं परिषदका बरिष्ठ कर्मचारीहरूलाई बैठकमा आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिने छ ।

उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि तथा बैठक भत्ता संचालक समितिले तोके बमोजिम हुनेछ ।

(३) प्राबिधिक उपसमितिको काम कर्तव्य र अधिकार:

(क) कार्यक्रमको हिसाव किताव राख्ने, राख्न लगाउने र सोको सुरक्षाको व्यवस्था गराउने ।

(ख) कार्यक्रम अन्तर्गत भएको लगानीको प्रगति समिक्षा गर्ने र आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रमको सम्पत्ति तथा दायित्व निर्धारण गर्ने ।

(घ) वासलात तथा नाफा नोक्सान हिसाव तथा बित्तिय विवरणहरू प्रमाणित तथा स्वीकृत गर्ने ।

(ङ) कार्यक्रमको लेखा परीक्षण गराउने र लेखा परीक्षणबाट औल्याइएका बेरूजुहरू नियमित गराई फरफारक गर्ने गराउने ।

(च) कार्यक्रमको आम्दानी बांडफांड गर्ने तथा प्रतिफल बितरण सम्बन्धी आवश्यक निर्णय गर्ने ।

(छ) कार्यक्रमको वार्षिक प्रगति विवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र कोषको संचालक समिति समक्ष पेश गर्ने ।

(ज) कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने निर्देशिका तयार गर्ने र अनुसूचिहरूमा आवश्यकत अनसुार संशोधन गर्ने ।

(झ) कोषको संचालक समितिले तोकिदिएका अन्य कार्यहरू गर्ने ।

(४) <u>प्राबिधिक उप-समितिको बैठक सम्बन्धमा :</u>

(क) प्राविधिक उप-समितिको बैठक उप-समितिका अध्यक्षले आवश्यकता अनुसार बोलाउनेछन् ।

(ख) बैठकमा भाग लिएबापत प्राविधिक उप□समितिमा अध्यक्ष र सदस्यहरूलाई प्रति बैठक कोषको संचालक समितिका सदस्यले पाए सरह भत्ता प्रदान गरिनेछ ।

*२२. **<u>हिसाव विवरण कर्मचारीलाई उपलब्ध गराउने सम्बन्धमा :</u>** कोषले कार्यक्रममा जम्मा भएको प्रत्येक कर्मचारीको छुट्टाछुट्टै हिसाव देखिने गरी अभिलेख अद्यावधिक गरी कर्मचारीले माग गरेको समयमा अद्यावधिक विवरण उपलब्ध गराउनेछ ।

*२३. **<u>कार्यबिधिको संशोधन :</u>** यस कार्यबिधि बमोजिम बीमा कोष संचालन प्रक्रियामा कुनै कठिनाई भएमा वा कार्यक्रमलाई संचालन गर्न नपर्ने भएमा नेपाल कृषि अनुसन्धान परिषद र नागरिक लगानी कोषको आपसी समझदारीमा न्यासधारी उपसमितिको सिफारिशमा कोषको संचालक समितिले कार्यबिधीमा संशोधन गर्न सक्नेछ । कार्यबिधि संशोधनको जानकारी कोषले परिषदलाई गराउनु पर्नेछ ।

२४. **<u>मध्यस्थता सम्बन्धी :</u>** कोष र परिषद् बीच यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्दा असमझदारी उत्पन्न भएको अवस्थामा आपसी सहमतीबाट समाधान गरीनेछ । आपसी सहमतीबाट समाधान नभएमा मध्यस्थता ऐन, २०६३ बमोजिम हुनेछ ।

२५. **<u>कार्यक्रमको कार्यविधिको व्याख्या गर्ने सम्बन्धमा :</u>** कार्यक्रमको कार्यविधि लागू गर्दा यसमा उल्लेखित कुनै प्रावधानहरूमा अस्पष्टता उत्पन्न भएमा कोषको सञ्चालक समितिको व्याख्या र निर्णय अन्तिम हुनेछ ।

२६. **<u>कार्यक्रम सम्बन्धी अन्य व्यवस्था</u>** : यस कार्यविधिमा उल्लेखित कुराको हकमा यसै बमोजिम हुनेछ । सो बाहेक कार्यक्रम सम्बन्धी अन्य कुराको हकमा ऐन, विनियमावली र प्रचलित कानून बमोजिम हुनेछ ।

***

अनुसूची १

# नागरिक लगानी कोष

(नागरिक लगानी कोष ऐन २०४७ अन्तर्गत स्थापित)
पुतलीसडक, काठमाण्डौं ।

नेपाल कृषि अनुसन्धान परिषद्को सावधिक जीवन बीमा कोष २०६७
सहभागीका लागि दिने दरखास्त फारम

श्री नागरिक लगानी कोष
पुतलीसडक, काठमाण्डौं ।

मार्फत : श्री ………………… कार्यालय …………….

**बिषय: नेपाल कृषि अनुसन्धान परिषद् सावधिक जीवन बीमा कोष २०६७ मा सहभागी हुने बारे ।**

कोषले संचालन गरीरहेको परिषद्को सावधिक जीवन बीमा कोष कार्यविधि, २०६७ मासिक पारिश्रमिकबाट बीमा कोष कट्टा गरी जम्मा गराउन मन्जूर भएकोले उक्त कार्यक्रममा सहभागी हुन देहायका विवरण सहित अनुरोध गर्दछु ।

बीमा कोषकट्टी शुरू मिति : ………………………………..

**व्यक्तिगत बिबरण:**

| | |
|---|---|
| कर्मचारीको नाम, थर: | |
| दर्जा: | |
| बाबुको नाम: | |
| बाजेको नाम: | |
| स्थायी ठेगाना: | |
| कर्यालयको नाम: | |
| कर्मचारीको सही | |
| **सम्बन्धित कार्यालयले प्रमाणित गर्ने :** माथि उल्लेख गरे अनुसारको यस कार्यालयका कर्मचारीको उल्लेखित विवरणहरू र निजको दस्तखत ठीक साचो हो । निजले दस्तखतमा उल्लेख गरे अनुसार मासिक पारिश्रमिकबाट रू.२००।०० कट्टा गरी सोही बराबर रकम कार्यालयबाट थप गरी कोषले तोके अनुसार जम्मा गरी सो को विवरण र बैंक भौचर/ड्राफ्ट कोषमा पठाउने व्यवस्था मिलाइनेछ । | |
| लेखामा काम गर्ने: | कार्यालय प्रमुख: |
| लेखा प्रमुख: | दस्तखत: |
| दस्तखत: | नाम: |
| नाम: | दर्जा: |
| दर्जा: | मिति: |
| मिति:<br>कार्यालयको छाप : | |

अनुसूची २

सिटरोल नं..........

# नागरिक लगानी कोष

नेपाल कृषि अनुसन्धान परिषद, सावधिक जीवन बीमा कोष २०६७
(नागरिक लगानी कोष ऐन २०४७ अन्तर्गत स्थापित)
पुतलीसडक, काठमाण्डौं ।

बीमा प.प.नं.: ....................
ना.पं.नं : ..................... जिल्ला: ..........................
कर्मचारीको नाम, थर : .........................................
पद: ...............................................................
बाबुको नाम: .....................................................
बाजेको नाम: ....................................................
स्थायी ठेगाना: ..........................................
जन्म मिति: ..............................................
परिचयात्मक चिन्ह : ..................................
कार्यालयको नाम: .......................................
कार्यालयको ठेगाना: ...................................
स्थायी नियुक्ती मिति: .................................
कर्मचारीको दस्तखत: .................................

फोटोमा समेत पर्नेगरी दस्तखत

| दाया | बाया |
|---|---|
| | |
| कर्मचारीको औठाको छाप | |

इच्छाइएको व्यक्तिको फोटो

इच्छाइएको व्यक्तिको नाम, थर : ...........................

स्थायी ठेगाना: : ..............................................
इच्छाइएको व्यक्तिको दस्तखत : ............................

इच्छाइएको व्यक्तिको फोटो

**सम्बन्धित कार्यालयले दस्तखत गर्ने:**

उल्लेख गरेअनुसारको सम्बन्धितल अधिकृत/कर्मचारीको उल्लेखित विवरणहरू र निजको दस्तखत ठिक साांचो हो भनी प्रमाणित गरीएको छ ।

| दाया | बाया |
|---|---|
| | |

इच्छाइएको व्यक्तिको औठाको छाप

प्रमाणित गर्ने कार्यालय प्रमुखको सही:
नाम: ..........................................
दर्जा : .........................................
मिति: ........................................
कार्यालयको छाप: ...........................

नागरिक लगानी कोषको
अधिकृतको सही : .................
मिति: ........................

## कोषमा बीमा रकम जम्मा गर्दा कार्यालयले बनाउने फाछटवारीको नमूना:

नागरिक लगानी कोष

नेपाल कृषि अनुसन्धान परिषद् सावधिक जीवन बीमा कोष कट्टी फाछटवारी नमूना

मिति: २०६ । ।

कार्यालयको नाम: कार्यालयको फोन नं.:

ठेगाना तथा छाप: कोष कट्टी साल र महिना:

कार्यालयको कोड: बैंक दाखिला मिति:

बैंक दाखिला रकम:

दाखिला बैंकको नाम ठेगाना:

श्री नागरिक लगानी कोष

पुतलीसडक, काठमाण्डौं ।

यस कार्यालयका निम्न कर्मचारीहरूको फाछटवारी र बैंक दाखिला भौचर समावेश गरी आवश्यक कार्यार्थको लागि पठाइएको छ ।

| सि. नं. | पद | नाम, थर | बीमा परिचयपत्र नं. | बीमा बापतको ना.ल.कोष कट्टी रकम | | | कोड | सिटरोल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मासिक तलबबाट | परिषद्को तर्फबाट थप | जम्मा कट्टी | | | |
| | | | | | | | | | |
| | | | | | जम्मा | | | | |

……………… तयार गर्ने

……………… लेखापाल

……………… अधिकृत

नोट: प्रत्येक कर्मचारीको परिचय पत्र नं. र कार्यालय कोड नं. प्रथमपटक कोषले प्रदान गर्नेछ । त्यसपछि कार्यालयले भर्नुपर्नेछ । नया सहभागी र सरूवा भई आएका कर्मचारीहरूको सम्बन्धमा कैफियतमा जनाउनुहोला । अन्यथा हिसाव फरक पर्न सक्नेछ ।

**नागरिक लगानी कोष**
**नेपाल कृषि अनुसन्धान परिषद् सावधिक जिवन बीमा कोष आयोजना**
पुतलीसडक, काठमाण्डौं ।
फोन नं. : ४२२८७५९, ४२४०६१९
फ्याक्स नं. ४२४०६४५

अनुसूची ४

**नागरिक लगानी कोष**

नयाँ बानेश्वर, काठमाडौ

(नेपाल कृषि अनुसन्धान परिषद्को बीमा कोषको रकम फिर्ता माग गर्नेले भर्ने आवेदन)

मिति: ................

**बिषय: <u>बीमा कोष कट्टी रकम भुक्तानी पाउँ ।</u>**

महोदय,

म यस ............................................. ................. को सेवाबाट अवकास लिएको/राजिनामा गरेको हुँदा म बहाल हुँदा तलबबाट कट्टी भई जम्मा भएको समेत सम्पूर्ण बीमा कोष रकम र सो मा आजको मिति ............ सम्म आर्जित व्याज समेतको रकम नियमानुसार भुक्तानी पाउन अनुरोध गर्दछु । तल उल्लेखित बैंक खातामा रकम पठाइदिनु हुन अनुरोध गर्दछु । तल उल्लेखित बैंक खाता सम्बन्धी जानकारी सही छ । बैंक खाता नं. फरक उल्लेख गरेको कारणबाट रकम जम्मा नभएमा कोष जवाफदेही हुने छैन । फरक परेमा कानून वमोजिम सहुंला बुझाउंला । अनलाईन ट्रान्सफर (IPS) गर्दा लाग्ने आवश्यक शुल्क मेरो बैंक खाताबाट कट्टी गर्न मन्जुर छु ।

१. कर्मचारीको नाम: ....................................................

२. बाबुको नाम : .......................................................

३. बाजेको नाम : .......................................................

४. ठेगाना: क)स्थायी ...................प्रदेश ..............जिल्ला ................

गा.पा./न.पा.................................. वार्ड नं. ................

(ख) हालको.....................प्रदेश..............जिल्ला ....................

गा.पा./न.पा. ................................. वार्ड नं. .................

५. बैंक खाता अनुसार विवरण

Applicants Name :---------------------------------------- Bank Name ---------

A/C No. ................................ Branch ----------------

६.वीमा कोष कट्टी गरिएको कार्यालयहरूको विवरण:

| सि.नं | कार्या कार्यालयको नाम | ठेगाना | कोड | बीमा कोषकट्टी मिति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

७. उपरोक्त व्यहोरा ठीक साँचो हो झुठ्ठो ठहरे ऐन कानून बमोजिम सहुँला बुझाउँला भनी सही गर्ने:

| दायां | बायां |
|---|---|
| | |

दस्तखत :.....................

कर्मचारीको नाम : ..........

पद : .........................

कर्मचारीको वीमा परिचय पत्र नं.

कर्मचारीको सिटरोल नं. .........

प्यान नं .........................

सम्पर्क फोन नं. ............

मृतकको हकमा हकवालाको नाम

नाता : .........................